सर्वोच्च अदालत
काठमाडौं

## सर्वोच्च अदालतबाट जारी प्रेस विज्ञप्ती

नोवल कोरोना भाइरस (कोभिड -१९) को नयाँ भेरियन्ट विश्वव्यापीरूपमा फैलिरहेको र नेपालमा पनि त्यसको संक्रमण तीव्रगतिमा बढिरहेको सन्दर्भमा त्यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले मिति २०७८।०१।०६ मा जनस्वास्थ्यसम्बन्धी विभिन्न मापदण्डसहितको आदेश जारी गरेको अवस्था एवं नेपाल सरकारका सम्बद्ध निकायहरूबाट जारी भएका सूचनासमेतका आधारमा अदालतहरूबाट सम्पादन हुने कामकारवाही तथा प्रवाह हुने सेवामासमेत संकुचन ल्याउनुपर्ने अवस्थाका बारेमा मिति २०७८ वैशाख १४ गते बसेको सर्वोच्च अदालतको पूर्ण बैठकबाट देहायबमोजिम निर्णय भएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

(१) २०७८ साल बैशाख १५ गतेदेखि २०७८ साल बैशाख मसान्तसम्म सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरण तथा कोभिड महामारीसँग सम्बन्धित अत्यन्त जरूरी प्रकृतिका जीवन र जनस्वास्थ्यसँग सम्बन्धित रिट निवेदनहरुको दर्ता र सुनुवाई गर्ने। सो बाहेकका अन्य कामकारवाही र सेवा स्थगन गर्ने।

(२) उच्च अदालत, जिल्ला अदालत, अन्य अदालत र न्यायाधिकरणहरूको हकमा स्थानीय परिस्थिति एवं जोखिमको अवस्थाको मूल्यांकनको आधारमा उपयुक्त देखिएको कामकारवाही र सेवा प्रवाहको व्यवस्था सम्बन्धित अदालत तथा न्यायाधिकरणहरुले मिलाउने।

(३) काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा, रिट तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद, तारेख नगुज्रने।

(४) यस सम्बन्धी अरु व्यवस्थापकीय पक्षहरु सर्वोच्च अदालत प्रशासनले मिलाउने।

(५) विद्यमान परिस्थितिको मूल्यांकन गरी उल्लिखित बिषयमा थप निर्णय लिनका लागि मिति २०७८।०१।३१ गते पूर्ण बैठक बस्ने।

देवेन्द्र ढकाल
सहप्रवक्ता

मिति : २०७८।०१।१४